*समृद्ध गाउँपालिकाः सुखी जनता*
*सामाजिक न्याय सहितको आर्थिक विकास, न्यायोचित वितरण सहितको आर्थिक समृद्धि*

(स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि , २०७७
को दफा ४ बमोजिम सार्वजनिक गरिएको)

# आ.व.२०७६/०७७
# को
# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

वेबसाइटः www.trivenimunrolpa.gov.np | इमेलः info@trivenimunrolpa.gov.np

फोन नं : ९८५७८२४५१४

२०७८ मंसिर

# आ.व.२०७६/०७७ को

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन

---


प्रकाशकः त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सूचना प्रविधि शाखा

सम्पादनः भरत डि.सी., सूचना प्रविधि अधिकृत (LISA सम्पर्क व्यक्ति)



फोन नं: +९७७ ९८५७८२४५१४

वेबसाइटः www.trivenimunrolpa.gov.np

इमेलः info@trivenimunrolpa.gov.np



प्रकाशनः २०७८ मंसिर

# विषयसूची


त्रिवेणी गाउँपालिकाको परिचय, स्वरुप र प्रकृति ....................................................7

स्वमूल्याङ्कनको आवश्यकता ....................................................10

स्वमूल्याङ्कनको उद्देश्य....................................................10

स्वमूल्याङ्कनको सूचक क्षेत्रहरु....................................................11

स्वमूल्याङ्कनको प्रक्रिया ....................................................12

त्रिवेणी गाउँपालिकाको स्वमूल्याङ्कन स्थिति तथा नतिजा विश्लेषण ....................................................13

असल कार्यहरु....................................................20

सुधार गर्नुपर्ने कार्यहरु....................................................24

सुधारका लागि कार्य योजना....................................................26

निष्कर्ष....................................................26

गाउँपालिकाको स्वमूल्याङ्कन कार्य समिति ....................................................27

गाउँपालिकाको सम्पर्क विवरण ....................................................28

# त्रिवेणी गाउँपालिकाको परिचय, स्वरुप र प्रकृति

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३/११/२७ देखि लागू हुने गरि ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरि जम्मा ७५३ वटा स्थानीय तह कायम भएकव हो। जनताकव अधिकार जनताकै घरदैलोमा पगेको छ। सोही व्यवस्था अनुरुप यस त्रिवेणी गाउँपालिकाको स्थापना भएको हो।

## भौगोलिक अवस्था

लुम्विनि प्रदेशको रोल्पा जिल्लामा अवस्थित त्रिवेणी गाउँपालिका साविकका ५ गाउँ विकास समिति (करेटी, नुवागाउँ, बुढागाउँ, जुगार र गैरीगाउँ) मिलेर बनेको छ। राज्य पुर्नसंरचना तथा संघीयता कार्यान्वयनको क्रममा साविक जुगार र बुढागाउँ गा.वि.स. २/२ वटा वडामा विभाजन गरिएपछि यस गाउँपालिकामा ७ वटा वडामा विभाजन गरिएको हो। कुल २०५.३९ वर्ग कि.मी. भू-भागमा फैलिएको यस गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका, पश्चिममा सल्यान जिल्ला, उत्तरमा माडी र गंगादेव गाउँपालिका र दक्षिणमा रुन्टिगढी गाउँपालिका पर्दछन्। ८२°१२'५२" देखि ८२°३५'२२" पूर्वी देशान्तर र २८°१२'३६" देखि २८°२२'२५" उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुन्द्री सतहबाट ८६० मीटर देखि २,८०० मीटरको उचाईमा रहेको छ। गाउँपालिका केन्द्र जुगारको नेर्पा बजार समुद्री सतहबाट १,१२८ मीटर उचाईमा रहेको छ। यस गाउँपालिकाका तिला, नुवागाउँ, दहवन, निगालपानी, सिम्पानी, लिङदुङ र नेर्पा बजार वजार क्षेत्र हुन।

## बसोबास, धर्म तथा संस्कृति

गाउँपालिकाले वि.सं.२०७४ सालमा गरेको सर्वेक्षण अनुसार कुल जनसंख्या २६,१६८ रहेको छ। सामाजिक तथा सांस्कृतिक रुपमा विविधतायुक्त यस गाउँपालिकामा मगर जातीको बाहुल्यता रहेको छ। गाउँपालिकामा ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी, कामी, दमाई, सार्की लगायतका जातजाती बसोबास गर्दछन्। हिन्दु धर्मात्मालम्वीहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा बौद्ध तथा क्रिस्चियन धर्मात्मालम्बीहरु पनि वस्दछन। जातीय र धार्मिक सहिष्णुताको अनुपम नमूना वोकेको यस गाउँपालिकाको दशैं र तिहार मुख्य चाडपर्व हुन। जनैपूर्णिमा, चण्डिपूर्णिमा, बुद्धजयन्ती, माघेसंक्रान्ति आदि यहाँका अन्य चाड पर्वको रुपमा रहेका छन। नेपाली र मगर भाषा यहाँ बोलिने मुख्य भाषाहरु हुन्। नयाँ पुस्ताहरुमा पश्चिमी संस्कृतिले विस्तारै प्रभाव पार्दै गएको भएपनि परम्परागत भेषभुषा र रहनसहनको संरक्षण र संवर्द्धनतर्फ पनि पहल गरिएको छ। पञ्चेबाजा, कौरा, सोरठी, सारङ्गी नाँच, मयुर नाँच, झ्याउरे, वालन, चुड्का लगायतका नाचहरुले जातीय परम्परालाई कायम गरेका छन। चबिघाट मेला, नेर्पा मेला, त्रिवेणी मेला आदि यहाँका मुख्य परम्परागत मेलाहरु हुन।

## पेशा तथा व्यवसाय

त्रिवेणी गाउँपालिकाका बहुसंख्यक जनताको मुख्य पेशा कृषि हो। यस गाउँपालिकामा उत्पादन हुने खाद्यान्न बालीमा धान, गहुँ, मकै, तोरी, चना, मसुरो आदि छन् भने फलफूलहरुमा केरा, आँप, मेवा, चिल्ली, अम्बा र नासपाती आदि प्रमुख छन्। अन्न बालीमा धान, गहुँ, मकै हुन् भने नगदे बालीमा तोरी, केराउ, उखु, चना, मास, मसुरो, खुर्सानी र बेसार हुन्। गाउँपालिकामा उत्पादन हुने प्रमुख तरकारी लौका, करेला, आलु, मुला, रायो, काउली, सागपात, भिण्डी, भेन्टा, बोडी, फर्सी, टमाटर, खुर्सानी, बन्दा, कांक्रो, चिचिण्डो, सिमी, लसुन, प्याज आदि हुन्। जीविकोपार्जनका विगतमा गरिदै आएको पशुपालन (भैंसीपालन, बाखापालन, गाई पालन, बङ्गुरपालन, कुखुरा पालन) जस्ता व्यवसाय हाल फर्म दर्ता गरी व्यवसायिक ढंगले सञ्चालन गर्न थालिएको छ। गाउँपालिकाको न्यून जनसंख्या मात्र नोकरी, व्यापार तथा अन्य क्षेत्रमा संलग्न रहेको छ।

### भौतिक पूर्वाधार

यस गाउँपालिकाका ७ वटै वडा कार्यालय र स्वास्थ्य चौकी लगायतका मुख्य क्षेत्रमा सडक सञ्जाल विस्तार कार्य सम्पन्न भएको छ जसमा २२५.१४१ कि.मी. भन्दा बढी कच्ची र ग्राभेल सडक र गाउँपालिकाको केन्द्र आसपासमा ४ कि.मी. भन्दा बढी कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने बाँकी कालोपत्रे सञ्चालनमा रहेको छ । यस गाउँपालिकाको मुख्य सडकको रूपमा स्वीकृत गरिएका जुगार - तिला, जुगार - निगालपानी र जुगार - त्रिवेणी - करेटी सडक आयोजनामा आंशिक कालोपत्रे तथा ग्राबेलको कार्य भएको र बाँकी कालोपत्रेको लागि टेन्डर भइसकेको भएपनि कोभिड-१९ महामारीको कारण कार्यसम्पन्न हुन ढिलाई भएको छ । गाउँपालिकाले ब्याक हो लोडरको खरिद गरी बाह्रै महिना सडक मर्मत गर्ने, पहिरो हटाउने, खोलाको बाढी नियन्त्रण गर्ने लगायतका कार्य गर्ने गरेको छ । गाउँपालिकाबासीलाई स्वच्छ र सफा पिउने पानीको व्यवस्था गर्न विभिन्न ठूला खानेपानी योजनाहरु संचालन गरिएको छ। गाउँपालिकामा एक घर एक धारा कार्यक्रम सञ्चालन गरिएको छ । गाउँपालिकाको ४,७९५ घरधुरी मध्ये ९९.१३ प्रतिशत घरमा शौचालय रहेको छ । यसबाट सरसफाईप्रति स्थानीय बासिन्दाहरु सचेत हुँदै गएको कुरा सिद्ध हुन्छ । उर्जातर्फ हालसम्म यस गाउँपालिकाको करिब ७५ प्रतिशत जनसंख्या विद्युतको पहुँचमा आएको छ । यस आ.व.को अन्त्यसम्म शतप्रतिशत जनतासमक्ष विद्युत पहुँच पुर्याइ **"त्रिवेणी उज्यालो कार्यक्रम"** घोषणा गर्ने लक्ष्य रहेको छ ।

### शैक्षिक क्षेत्र

वि.सं. २०११ सालदेखि औपचारिक शिक्षाको शुरुवात भएको यस गाउँपालिकाको शैक्षिक अवस्था सुधार भइरहेको छ । यस गाउँपालिकामा हाल १ वटा क्याम्पस (स्नातक तह), १२ वटा सामुदायिक माध्यमिक तहका विद्यालय, ८ वडा सामुदायिक आधारभूत तहका विद्यालय, १८ वटा सामुदायिक प्राथमिक तहका विद्यालय, विद्यालयमा आधारित ३१ र ६ वटा समुदायमा आधारित सहित ३७ वटा बाल विकास केन्द्र रहेका छन । गाउँपालिकामा ४ वटा सामुदायिक सिकाई केन्द्र रहेका छन् । १२ वटा सामुदायिक विद्यालयमध्ये जनजागृति मा.वि. जुगार नमुना मा.वि. को स्वीकृत भई कक्षा १० सम्म नेपाली र अङ्ग्रेजी दुवै माध्यमवाट पठनपाठन हुने गर्दछ । सो विद्यालयमा कक्षा १२ सम्म विज्ञान र शिक्षा संकाय तथा डिप्लोमा तहमा पशु विज्ञान विषय सञ्चालनमा रहेको छ । अरनिको मा.वि. नुवागाउँमा कक्षा १२ सम्म व्यवस्थापन र शिक्षा संकाय तथा डिप्लोमा तहमा बाली विज्ञान संकाय सञ्चालनमा रहेको छ । यस गाउँपालिकाको वडा नं. ५ र ६ तोकिएको उमेर समूह (४-१२ वर्ष) का शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएकाले ती वडाहरु शतप्रतिशत विद्यालय भर्ना घोषणा भइसकेका छन् भने बाँकी वडाहरु पनि घोषणाको क्रममा रहेका छन् । विद्यालयलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था गाउँपालिकाले गरिदिएको छ भने शैक्षिक गतिविधि गर्नका लागि गाउँपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्थापन तथा शैक्षिक अनुदान मार्फत विभिन्न कार्यक्रम तय गरेको छ । माध्यमिक तथा आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, इ-लाईब्रेरी आदीको व्यवस्था गरिएको छ । पढाइलाई सूचना प्रविधि मैत्री बनाउने काम अगाडी बढाइएको छ ।

### स्वास्थ्य तथा सरसफाई

यस गाउँपालिकामा हाल ५ वटा स्वास्थ्य चौकी र २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेका छन्भ । गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको लागि त्रिवेणी–५, जुगारमा २० रोपनीभन्दा बढी जग्गा दानपत्र मार्फत प्राप्त भई निर्माणको लागि टेण्डर स्वीकृत तथा शिलान्यास गरी दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी कार्य सञ्चालनमा रहेको छ । कोभिड-१९ को महामारीलाई मध्यनजर गरी जुगार स्वास्थ्य चौकीमा कोभिड विशेष अस्थायी अस्पताल स्थापना गरी मेडिकल अधिकृत (एम.बी.बी.एस) बाट स्वास्थ्य सेवा प्रवाह गरिएको छ भने डिजिटल एक्स-रे सेवाका लागि गाउँपालिकाद्वारा रेडियोग्राफर कर्मचारी पदपूर्ती गरि डिजिटल एक्स-रे सेवा सर्वसुलभ रुपमा सञ्चालनमा रहेको छ । टोलबस्तीमा स्वास्थ्य सेवा तथा सचेतना अभिवृद्धिका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरू खटाइएको छ । पालिकाका १२ वटा माध्यमिक विद्यालयमा विद्यालय नर्समार्फत स्वास्थ्य सेवा तथा परामर्श दिने व्यवस्था गरिएको छ । पालिकास्तरमा बिरामी ओसारपसारको लागि एम्बुलेन्स सञ्चालन गरिएको छ । यो गाउँपालिका यसअघि नै पूर्ण खोपयुक्त

तथा खुला दिशामुक्त घोषणा भइसकेको छ। सबै स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा बर्थिङ सेन्टरको आफ्नै भवन रहेका छन।

## लैङ्गिक समानता तथा समाजिक समावेशीकरण

गाउँपालिकाको वि.स. २०७४ सालको सर्वेक्षण अनुसार १२,९०२ पुरूष (४९.३ प्रतिशत) र १३,२६६ महिला (५०.७ प्रतिशत) रहेका छन। गाउँपालिकामा सेवारत बालबालिका तथा लैङ्गिक समानतासँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाको सक्रिय सहयोग तथा गाउँपालिकाको नीति, नियम तथा वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका कारण यस गाउँपालिकामा बाल अधिकार सुनिश्चितताका गतिविधिहरु भएका छन। बालविवाह तथा बालश्रम न्यूनिकरण र लैङ्गिक समानताका सवालमा सकारात्मक परिवर्तन आएको छ। विपन्न, असहाय तथा वञ्चितीकरणमा परेको वर्गको संरक्षणको लागि गाउँपालिकाबाट विपन्न नागरिक उपचार सहायता कोष, बालबालिका कोष, लैङ्गिक हिंसा निवारण कोष मार्फत आर्थिक सहायता गर्ने गरिएको छ। अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्र वितरणको लागि घुम्ति शिविर सञ्चालन तथा विशेष अवस्था भएका व्यक्तिको लागि घरमै गएर परिचय पत्र वितरण गर्ने व्यवस्था गरिएको छ। यसै वर्षभित्र गाउँपालिकालाई बालश्रम मुक्त घोषणा गर्ने लक्ष्य लिई कार्यक्रम सञ्चालन गरिएको छ।

## सूचना प्रविधि, सुशासन तथा संस्थागत विकास

यस गाउँपालिकाले सूचना प्रविधिका क्षेत्रमा उल्लेखनीय प्रगति हाँसिल गरेको छ। यस गाउँपालिकाको ७ वटै वडा कार्यालयबाट विद्युतीय माध्यमबाट सेवा प्रदान गरिदैं आइएको छ। गाउँपालिकाको सबै भू-भागमा रेडियो तथा टेलिफोनको पहुँच पुगेको छ भने सबै वडा कार्यालयहरूमा इन्टरनेट सेवा विस्तार कार्य सम्पन्न गरिएको छ। सबै वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली तथा सामाजिक सुरक्षा भत्ता वितरण बैंङ्किङ प्रणालीबाट गरिँदै आइएको छ। यस गाउँपालिकाको सूचना आदानप्रदान प्रणालीलाई गाउँ-गाउँमा तथा जनताको हात-हातमा पुर्याउनको लागि मोबाइल एप्स लगायतका अन्य विद्युतीय सूचना प्रणालीको व्यवस्था तथा विकास गरिएको छ। गाउँपालिकासँग सहज सम्पर्क तथा गुनासो दर्ताको लागि टोल फ्रि नम्बर तथा सूचना अधिकारीको व्यवस्था गरिएको छ। सूचना पाटी, गुनासो पेटिका, सार्वजनिक सुनुवाई तथा सामुदायिक अंकपत्र अन्तरसंवाद कार्यक्रम सञ्चालनमा ल्याउनुका साथै गाउँपालिकाको आफ्नै वेवसाइट, इमेल, फेसबुक तथा डिजिटल डिस्प्ले प्रयोगमा ल्याइएको छ। गाउँपालिकाको कार्यसञ्चालनको लागि आवश्यक नीति, रणनीति, ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत गरी लागु गरिएको छ। गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयको लागि आफ्नै भवन निर्माण गरिएको छ।

## प्रमुख धार्मिक तथा पर्यटकीय स्थल

| वडा नं. | प्रमुख धार्मिक तथा पर्यटकीय स्थल |
|---|---|
| १ | माडी सिवाङ दोभान |
| २ | धानखानी गुफा |
| ३ | बौद्ध गुफा |
| ४ | भुवनेश्वर मन्दिर, घोरढुङ्गा, शिव मन्दिर, गुप्ति दह |
| ५ | शिवगुफा दार्शनिक केन्द्र, गामाकोट बराहक्षेत्र स्थल |
| ६ | बाघ पाइले, पोखरडाँडा, राधाकृष्ण मन्दिर र चुलिफिजे (३००० मि.) |
| ७ | भगवती कालिका मन्दिर, चिरेखोला शिव मन्दिर, बच्चा पाइला ओडार, भालुदुला दुम्ला, ढोरेनी तिनतले अनन्त ओडार, गौरीमाता मन्दिर, जनयुद्ध स्मृति राष्ट्रिय संग्राहलय |

## स्वमूल्याङ्कनको आवश्यकता

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले विगतदेखि हालसम्म गरेका गतिविधिको मूल्याङ्कन आफैले गर्ने र भोलिका दिनमा व्यवस्थित र सिलसिलेवार तरिकाबाट कार्यहरु सम्पादन गर्न मार्गदर्शन गर्ने उद्देश्यले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि जारी गरेको छ । यसै सन्दर्भमा त्रिवेणी गाउँपालिकाको कार्यप्रक्रिया उपलब्धिहरुको बारेमा लेखाजोखा गरि सबल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार प्राप्त गर्न र प्राप्त नतिजा अन्तर नरग/गाउँपालिका बिच तुलना गर्न, सेवा प्रवाहमा सकारात्मक प्रतिष्पर्धा मार्फत सुधार ल्याउन यसको आवश्यकता रहेको छ । त्रिवेणी गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ दफा ३ को उपदफा १ बमोजिम १० विषयक्षेत्रमा केन्द्रित भई स्वमूल्याङ्कन कार्यलाई दैनिक कार्यसम्पादनसँग आवद्ध गरी कार्यविधिको दफा ४ का प्रक्रियाहरु अवलम्बन गरेको छ ।

- विगतदेखि हालसम्म गरेका गतिविधिको मूल्याङ्कन आफैले गर्ने र भोलिका दिनमा व्यवस्थित र सिलसिलेवार तरिकाबाट कार्यहरु सम्पादन गर्न मार्गदर्शन गर्न,
- गाउँपालिकाको समग्र स्थिति, प्रक्रिया तथा परिमाणात्मक प्रगतिबारे जानकारी लिने,
- गाउँपालिकाको विकास निर्माण,  सुशासन तथा सेवा प्रवाह, दैनिक प्रशासन, सभा/बैठक सञ्चालन प्रक्रिया, निर्णय प्रक्रिया, आन्तरिक नियन्त्रण प्रणाली, कर्मचारी जनशक्ति तथा क्षमता, अन्तर समन्वय, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया र अवस्था, दिगो विकासका लक्ष्य हासिल, विषयक्षेत्रगत प्रगति, सार्वजनिक उत्तरदायित्व, न्यायिक सम्पादन, लक्षित समूह प्रतिनिधित्व, विपद् व्यवस्थापन तथा वातावरण संरक्षण आदीको तथ्यगत सूचक सहितको मूल्याङ्कन गर्न ।

## स्वमूल्याङ्कनको उद्देश्य

- स्थानीय तहको कार्यप्रकृया र उपलब्धिको बारेमा लेखाजोखा गरी सबल र दूर्बल पक्षहरुको पहिचान गर्नु,
- विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिनु,
- आवधिक समीक्षाको लागि आधार प्राप्त गर्नु, र
- गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउनु ।

# स्वमूल्याङ्कनको सूचक क्षेत्रहरु

| सि नं | विषय क्षेत्र | समग्र स्थिति | प्रकृयागत स्थिति | परिमाणात्मक स्थिति | कूल भार |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ३ | ४ | २ | ९ |
| २ | संगठन तथा प्रशासन | २ | ३ | ३ | ८ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | ४ | ५ | ११ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | २ | ४ | ५ | ११ |
| ५ | सार्वजनिक सेवा प्रवाह | ३ | ४ | ९ | १६ |
| ६ | न्यायिक कार्यसम्पादन | १ | ३ | ३ | ७ |
| ७ | भौतिक पूर्वाधार | ३ | ४ | ६ | १३ |
| ८ | सामाजिक समावेशीकरण | २ | ४ | ४ | १० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | १ | ३ | ५ | ९ |
| १० | सहकार्य र समन्वय | २ | १ | ३ | ६ |
| | **जम्मा** | २१ | ३४ | ४५ | १०० |

| **मूल्याङ्कन तह** | **भार अनुपात** | **नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार** |
|---|---|---|
| समग्र स्थिति | २१% | यसको लागि ४ वटा अवस्था। अवस्था १ को लागि शून्य अङ्क, अवस्था २ को लागि ०.५ अङ्क, अवस्था ३ को लागि ०.७५ अङ्क र अवस्था ४ को लागि १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ। |
| प्रक्रियागत स्थिति | ३४% | ३ वटा (कमजोर, सामान्य र उत्तम) अवस्था निर्धारण गरिएको। कमजोरका लागि शून्य अङ्क, सामान्यका लागि ०.५ अङ्क र उत्तमका लागि १ अङ्क। |
| परिमाणात्मक स्थिति | ४५% | ३ वटा अवस्था (कमजोर, सामान्य र उत्तम) तोकिएको छ। कमजोरलाई शून्य, सामान्यलाई ०.५ र उत्तमलाई १ अङ्क निर्धारण गरिएको छ। |

## स्वमूल्याङ्कनको प्रक्रिया

- निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने।
- एक जना अधिकृत कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने।
- प्रारम्भिक नतिजा तयार गरि छलफलका लागि कार्यपालिकाको बैठकमा पेश गर्ने।
- कार्यपालिकाले सम्वन्धित विषय क्षेत्रको यथार्थ अङ्कभार निर्धारण गर्ने।
- स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट अनुमोदन गर्ने।
- पृष्ठपोषणका लागि जि.स.स.मा पठाइ, प्राप्त सुझाव छलफल गरि पुनःविचार गर्ने, अन्तिम नतिजा अनुमोदन गरि सार्वजनिक गर्ने ।
- स्वमूल्याङ्कनको अन्तिम नतिजा छलफलको लागि सभामा पेश गर्ने ।

# त्रिवेणी गाउँपालिकाको स्वमूल्याङ्कन स्थिति तथा नतिजा विश्लेषण

त्रिवेणी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि प्रारम्भिक नतिजा तयारी तथा प्रमाणिकरणका कागजात संकलन गर्नका क्रियाकलापहरु संचालन गर्न गठन गरिएको कार्य समिति पदाधिकारीहरुले आफ्नो शाखा/विषयक्षेत्रगत रुपमा संकलन गरेका प्रमाणिकरणका आधार बमोजिम प्राप्त नतिजा निम्नानुसार रहेको छ।

| क्र.स. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **सूचक क्षेत्र १ संगठन तथा प्रशासन** | | | | |
| १ | सभाको सञ्चालन प्रक्रिया (स्थानीय ससरकार सञ्चालन ऐनको दफा १९) | 1 | 0.75 | |
| २ | कार्यपालिकाको निर्णय प्रक्रिया (स्थाससंऐ दफा १७) | 1 | 1 | |
| ३ | सभा। कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण (स्थाससंऐ दफा १०को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक) | 1 | 1 | |
| ४ | सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि (स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७) | 1 | 1 | |
| ५ | कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) (स्थाससंऐ दफा १७) | 1 | 1 | |
| ६ | आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ दफा ७८) | 1 | 0.5 | |
| ७ | स्थानीय तहका पदाधिकारी हरुको सम्पत्ती विवरण (स्थाससंऐ दफा ११०) | 1 | 1 | |
| ८ | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या (स्थाससंऐ दफा १७, बैठककार्य सञ्चालन नियमावली) | 1 | 1 | |
| ९ | लेखा प्रणालीमा SUTRA को प्रयोग (स्थाससंऐ दफा ७२) | 1 | 1 | |
| **सूचक क्षेत्र २ शासकीय प्रबन्ध** | | | | |
| १० | गाउँ/नगरपालिकाको क्षमता विकास। (स्थाससंऐ को दफा १०२ | 1 | 0 | |
| ११ | प्रतिवेदन तथा विवरण प्रेषण। (स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३(३)) | 1 | 1 | |

| | | | | |
|---|---|---|---|---|
| १२ | विषयगत विभाग।महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण। (स्थाससंऐ दफा ८अनुसार) | 1 | 0 | |
| १३ | स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति। (ऐनको दफा ८को उपदफा ८,९) | 1 | 1 | |
| १४ | कर्मचारीहरुको कार्य सम्पादन सम्झौता। (स्थाससंऐ दफा १०कोअनुसार) | 1 | 0 | |
| १५ | जनशक्ति क्षमता विकासमा लगानी (स्थाससंऐ दफा १०कोअनुसार वनेको कार्यविधि) | 1 | 0 | |
| १६ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधी समेत) (स्थाससंऐ दफा ८अनुसार को कार्य सम्पादन प्रभावकारिता) | 1 | 1 | |
| १७ | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता। (स्थाससंऐ को दफा १०कोअनुसार वनेको कार्यविधि) (यस दफामा पदाधिकारी भन्नाले गाउँ।नगर सभाका सदस्यहरूलाई बुझाउनेछ। गणना गर्दा पदाधिकारी र कर्मचारीहरूको छुट्टाछुट्टै गणना गर्नुपर्नेछ।) | 1 | 1 | |
| **सूचक क्षेत्र ३ वार्षिक बजेट तथा योजना** | | | | |
| १८ | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा। (स्थाससंऐ को दफा २अनुसार) | 1 | 0 | |
| १९ | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संबद्ध समिति र समन्वय ( स्थाससंऐ को दफा ६५, ६६ र ६७) | 1 | 1 | |
| २० | दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण (स्थाससंऐ को दफा २अनुसार ) | 1 | 0 | |
| २१ | विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण (स्थाससंऐ को दफा ६६ को अनुसार) | 1 | 1 | |
| २२ | बजेट प्रस्तुती तथा स्वीकृति (स्थाससंऐ को दफा ७अनुसार) | 1 | 1 | |
| २३ | गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन (स्थाससंऐन दफा २५) | 1 | 1 | |
| २४ | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा। (असविव्यऐदफा ८ अनुसार राजस्वको क्षमता) | 1 | 0 | |
| २५ | पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (वजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन) | 1 | 1 | |

| | | | | |
|---|---|---|---|---|
| २६ | वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा (असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता) | 1 | 0 | |
| २७ | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै | 1 | 1 | |
| २८ | समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट (असविव्यऐदफा १०) | 1 | 1 | |
| **सूचक क्षेत्र ४ वित्तीय एवम् आर्थिक व्यवस्थापन** | | | | |
| २९ | आन्तरिक स्रोत (स्थाससंऐन दफा ६५) | 1 | 1 | |
| ३० | वित्तिय अनुशासन (असविव्यऐपरिच्छेद ८, दफा २५ देखि ३२) | 1 | 0.75 | |
| ३१ | आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग (असविव्यऐ, दफा ३२) | 1 | 1 | |
| ३२ | आय र व्ययको विवरण सार्वजनिकीकरण (असविव्यऐदफा ३०) | 1 | 1 | |
| ३३ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन (सा | 1 | 0 | |
| ३४ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा (स्थाससंऐन दफा ७को ६) | 1 | 0 | |
| ३५ | रकमान्तर (स्थाससंऐन दफा ७९) | 1 | 0.5 | |
| ३६ | प्रशासनिक खर्च (स्थाससंऐन दफा ७अनुसारको आय व्यय अनुमान अनुसार) | 1 | 1 | |
| ३७ | पूँजीगत खर्च (स्थाससंऐन दफा ७अनुसारको आय व्यय अनुमान अनुसार) | 1 | 1 | |
| ३८ | राजस्व सङ्कलन (स्थाससंऐन दफा ७१) | 1 | 0 | |
| ३९ | ५ खर्च गर्ने अख्तियारी (स्थाससंऐन दफा ७३) | 1 | 1 | |
| **सूचक क्षेत्र ५ सेवा प्रवाह** | | | | |
| ४० | सेवा प्रवाह (स्थाससंऐनदफा११) | 1 | 0 | |
| ४१ | वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐनदफा१२) | 1 | 1 | |
| ४२ | सेवा प्रतिको सन्तुष्टी (स्थाससंऐनदफा ११,१को काम) | 1 | 1 | |
| ४३ | सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग (स्थाससंऐनदफा१को उपदफाको ङ १) | 1 | 0 | |

| | | | | |
|---|---|---|---|---|
| ४४ | सेवा प्रवाहको मापदण्ड (SOP) (स्थाससं ऐन दफा १को उपदफाको ङ १) | 1 | 0 | |
| ४५ | बैंकिंग प्रणालीबाट भुक्तानी (स्थाससं ऐन दफा१को उपदफाको ङ ७) | 1 | 0.5 | |
| ४६ | वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था (स्थाससंऐन१६को उपदफा को ग को ६ र दफा१८ को उपदफा ३) | 1 | 1 | |
| ४७ | गुनासो फछर्यौट (स्थाससं ऐन दफा १को उपदफाको ङ ७) | 1 | 1 | |
| ४८ | सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी (स्थाससंऐन दफा१को उपदफाको त २) | 1 | 0 | |
| ४९ | जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या (स्थाससंऐ दफा १को उपदफा ४) | 1 | 0 | |
| ५० | सार्वजनिक सुनुवाइ (स्थाससंऐ दफा ७८ को उपदफा ५) | 1 | 0 | |
| ५१ | ५ सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग (स्थाससंऐ दफा१को उपदफाको ङ ७) | 1 | 1 | |
| ५२ | ६ शिक्षामा सबै बालबालिको पहुँच (स्थाससंऐ दफा१को उपदफाको ज) | 1 | 1 | |
| ५३ | ७ स्वास्थ्य सेवामा नागरिकको पहुँच (स्थाससंऐ दफा१को उपदफाको झ) | 1 | 0.5 | |
| ५४ | ८ कृषि र पशु सेवा (स्थाससंऐ दफा १को उपदफाको ण र द) | 1 | 0.5 | |
| ५५ | ९ स्थानीय उत्पादनको प्रर्वर्धन र बजारीकरण (स्थाससंऐ दफा१को उपदफाको ण ७) | 1 | 1 | |
| **सूचक क्षेत्र ६ न्यायिक कार्यसम्पादन** | | | | |
| ५६ | न्याय सम्पादन (स्थाससंऐन दफा ४६ को उपदफा १, दफा ४९ को उपदफा १२) | 1 | 1 | |
| ५७ | मेलमिलाप कर्ताको व्यवस्था (स्थाससंऐन दफा ४९ को उपदफा ३) | 1 | 0 | |
| ५८ | न्यायिक समितिको निर्णय प्रकृया (स्थाससंऐन दफा ४९) | 1 | 1 | |
| ५९ | न्यायिक समितिको प्रतिवेदन प्रणाली (स्थाससंऐन दफा ५को उपदफा २) | 1 | 1 | |
| ६० | उजूरी फर्छयौट। (स्थाससंऐन दफा ४९ को उपदफार ४) | 1 | 1 | |
| ६१ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन (स्थाससंऐन दफा ५१) | 1 | 1 | |
| ६२ | मेलमिलाप केन्द्र गठन (स्थाससंऐन दफा ४९ को उपदफा १०) | 1 | 0 | |
| **सूचक क्षेत्र ७ भौतिक पूर्वाधार** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६३ | सडक यातायात गुरूयोजना अनुसार सडक पूर्धाधार निर्माण | 1 | 0 | |
| ६४ | जोखिम संवेदनशील भूउपयोग योजना (स्थाससंऐन, २०७को दफा २७ | 1 | 0 | |
| ६५ | भौतिक पूर्वाधार विकासमा सार्वजनिक- निजी साझेदारी नीति (स्थाससंऐन, २०७को दफा २४ | 1 | 0 | |
| ६६ | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार (स्थाससंऐन, २०७को दफा २को उपदफा २) | 1 | 0 | |
| ६७ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन (स्थाससंऐन, २०७को दफा २को उपदफा ३) | 1 | 0 | |
| ६८ | आयोजनाको वातावरणीय अध्ययन- संक्षिप्त, प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावारणीय प्रभाव मूल्याङ्कन ( EIA ) (स्थाससंऐन, २०७को दफा २को उपदफा २) | 1 | 0 | |
| ६९ | राष्ट्रिय भवनसंहिता र मापदण्ड (स्थाससंऐन, २०७को दफा ४को उपदफा १) | 1 | 0 | |
| ७० | सडकको विस्तार (स्थाससंऐन, २०७को दफा १को उपदफाको ट १,५) | 1 | 1 | |
| ७१ | सडकको स्तर उन्नति (स्थाससंऐन, २०७को दफा १को उपदफाको ट १,५) | 1 | 1 | |
| ७२ | खानेपानी सेवा विस्तार (स्थाससंऐन, २०७को दफा १को उपदफाको ध १, सोही दफाको उपदफा को ग २, दफा १को उपदफाको ग १०) | 1 | 1 | |
| ७३ | वार्षिक योजनाको कार्यान्वयन स्थिति (स्थाससंऐन, २०७को दफा ७को उपदफाको विवरणमा चालु आ | 1 | 1 | |
| ७४ | फोहोर मैला व्यवस्थापन (स्थाससंऐन, २०७को दफा १को उपदफाको ग ११) | 1 | 1 | |
| ७५ | औद्योगिक पूर्वाधार (स्थाससंऐन, २०७को दफा ११) | 1 | 0 | |
| | **सूचक क्षेत्र ८ सामाजिक समावेशीकरण** | | | |
| ७६ | सामाजिक विभेदको न्यूनीकरण (संविधानको धारा १८, समानताको हक) | 1 | 1 | |
| ७७ | समानुपातिक सहभागिता (स्थाससंऐन, २०७को दफा १११) | 1 | 1 | |
| ७८ | सामाजिक सुरक्षा तथा संरक्षण (स्थाससंऐन, २०७को दफा १उपदफात) | 1 | 0.5 | |
| ७९ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान (स्थाससंऐन, २०७को दफा १उपदफाको ग ३०) | 1 | 0.5 | |


| | | | | |
|---|---|---|---|---|
| ८० | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु (स्थाससंऐन, २०७को दफा १उपदफाको ग ३०) | 1 | 1 | |
| ८१ | लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) (स्थाससंऐन, २०७को दफा २उपदफा को छ) | 1 | 0 | |
| ८२ | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ | 1 | 1 | |
| ८३ | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी (सशर्त अनुदान बाहेक बाँकी वजेटको) | 1 | 1 | |
| ८४ | महिला/दलित/अपाङ्ता भएका व्यक्ति संयोजक/ अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या (कूल गठीत उपभोक्ता समितिको) | 1 | 0.5 | |
| ८५ | आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी (सशर्त अनुदान बाहेक बाँकी वजेटको) | 1 | 0.5 | |
| **सूचक क्षेत्र ९ वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | | | | |
| ८६ | विपद् व्यवस्थापन (स्थाससंऐन, २०७को दफा १उपदफाको न) | 1 | 0 | |
| ८७ | वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र खाद्य) (स्थाससंऐन, २०७को दफा १उपदफा को ङ १,२र २६) | 1 | 0.5 | |
| ८८ | वातावरणमैत्री पूर्वाधार | 1 | 0 | |
| ८९ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन (स्थाससंऐन, २०७को दफा १उपदफाको न ४) | 1 | 0 | |
| ९० | वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | 1 | 0.5 | |
| ९१ | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै | 1 | 0 | |
| ९२ | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च (वार्षिक रूपमा) | 1 | 1 | |
| ९३ | टोल विकास संस्था गठन तथा सञ्चालन | 1 | 0 | |
| ९४ | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | 1 | 1 | |
| **सूचक क्षेत्र १० सहकार्य र समन्वय** | | | | |


| | | | | |
|---|---|---|---|---|
| ९५ | संघ, प्रदेश र स्थनीय तह बीचको सहकार्य र समन्वय (नेपालको संविधानको धारा २३५) | 1 | 0.5 | |
| ९६ | अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि) (स्थाससंऐन, २०७को दफा २६) (सहलगानीका योजनाहरू : ल्याण्डफिल साईट, अग्नी नियन्त्रण, सडक हरियाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्षा, रंगशाला, खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, सिंचाई, खानेपानी आदी) | 1 | 0 | |
| ९७ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र सञ्चालन (स्थाससंऐन, २०७को दफा २६ अन्तर्गत) | 1 | 0 | |
| ९८ | अन्तर सरकारी समन्वय तथा सहजीकरण | 1 | 1 | |
| ९९ | अन्तर स्थानीय तह साझेदारी | 1 | 0 | |
| १०० | जिल्ला समन्वय समिति सँगको समन्वय | 1 | 1 | |
| **जम्मा** | | **१००** | **५७.५०** | |

उपरोक्त तथ्याङ्कगत नतिजाको सूचक क्षेत्रगत विश्लेषण निम्नानुसार रहेको छ ।

**जम्मा प्राप्ताङ्क**

**५७.५%**






# असल कार्यहरु

माथिको चार्ट तथा तथ्याङ्क विश्लेषण गर्दा असल र सुधारात्मक कार्यहरु निम्नानुसार रहेको पाइन्छ।

- कार्यपालिकाको निर्णय प्रक्रिया खुल्ला रूपमा छलफल भई सर्वसम्मत रूपमा निर्णयहरु हुने गरेको
- सभा/कार्यपालिकाले बनाएका स्थानीय तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरी निर्णयहरु वेबसाईट, सूचना पाटी र अन्य सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने गरेको
- स्थानिय सरकारसंचालन ऐनमा व्यवस्था भएका कार्यपालिकाका सबै समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयन भएको
- कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप सञ्चालन हुने गरेको
- स्थानीय तहका पदाधिकारीहरु सबैले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको

- महिनामा कम्तीमा १ पटक बैठक बसी पूर्व निर्णयहरूक कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने गरेको
- योजना, बजेट र खर्चमा SuTRA प्रयोग भएको
- सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेबसाइटमा राखिएको
- ऐन लागु भैसकेपछि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारवाट मात्र सेवा लिईएको र करार सेवाको अवधि पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा उल्लेख गरिएको
- मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ७५% भन्दा बढी उपस्थिति भएको
- क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता कूल पदाधिकारी र कर्मचारीको ६० प्रतिशत भन्दा बढी
- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारीस बमोजिम तर्जुमा भएको
- प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरी कार्यक्रम तर्जुमा गरिएको
- असार १० गतेभित्र बजेट प्रस्तुती भई प्रयाप्त छलफल भई असार मसान्तभित्र स्वीकृत भएको
- सबै गै.स.सका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश भई कार्यान्वयन समेत भएको
- पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा ३०% भन्दा कम
- समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट कार्यविधिले तोकेभन्दा बढी लागत साझेदारी गर्ने गरेको
- आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भइ आन्तरीक आय बृद्धि भएको
- आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग पूर्ण रूपमा प्रयोग गरिएको
- आय÷व्ययको विवरण तोकिएको समयभित्र सार्वजनिक गरिएको
- आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट प्रशासनिक खर्च पुर्याई पूँजीगत कार्यक्रममा समेत खर्च गरेको

- पूँजीगत बजेटको ८०% भन्दा बढी खर्च गरेको
- खर्च गर्ने अख्तियारी प्रमुख वा अध्यक्षले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिएको
- सबै वडामा आफ्नै भवनमा कार्यालय स्थापना भई सबै सेवाहरू प्रवाह भएको
- सेवाप्रवाहवाट सेवाग्राही पूर्ण सन्तुष्ट भएको
- वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्थाः सबै वडामा वडा अध्यक्ष अनुपस्थित हुँदा निजले उपलब्ध गराउनु पर्ने सेवाको वैकल्पिक व्यवस्था गर्ने गरेको
- मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये ८०% भन्दा वढि सम्बोधन भएको
- सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडामा घुम्ती सेवाहरु समेत सञ्चालन गर्ने गरेको
- शिक्षामा सबै बालबालिको पहुँचः  मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर ९०% भन्दा वढि भई गत वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% भन्दा बढिले घटेको
- स्थानीय उत्पादनको प्रर्वर्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रम व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापन भएको
- न्यायिक समिति सञ्चालनका लागि कार्यविधि निर्माण भई कार्यविधि अनुसार कार्य सम्पादन भएको
- न्यायिक समितिको निर्णय प्रकृयाः निर्णय सर्बसम्मत हुने गरेको
- न्यायिक समितिको प्रतिवेदन प्रणालीः प्रतिवेदन पेश भई सभामा छलफल भएको
- मूल्याङ्कन अवधिमा प्राप्त उजूरीको ७० % भन्दा बढी फर्छौट भएको
- न्यायिक समितिको निर्णय उपर पुनरावेदनः समितिले फर्छौट गरेका कूल उजूरी मध्ये १०% भन्दा कम विवाद पुनरावेदनमा गएको
- सडकको विस्तारः गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा २५% भन्दा बढी सडक थप भएको
- सडकको स्तर उन्नति गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा १५% भन्दा बढी सडक स्तर उन्नति भएको
- खानेपानी सेवा विस्तार गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा २५% भन्दा बढी घरधुरीमा खानेपानी सेवा विस्तार भएको

- वार्षिक योजनाको कार्यान्वयन स्थिति मूल्याङ्कन अवधिमा सम्पन्न गर्नुपर्ने स्वीकृत वार्षिक योजनाको ८०% भन्दा बढी भौतिक पूर्वाधार योजना सम्पन्न भएको

- फोहोर मैला व्यवस्थापनको लागि स्पष्ट नीति निर्धारण गरी फोहोर विसर्जन केन्द्र बनाई एकीकृत फोहोर मैलाको व्यवस्थापन गरिएको

- छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरुसँग सम्बन्धित उजूरीमा उल्लेख्य रूपमा कमी आई समाजिक सहिष्णुता र सौहार्दता सहितको समतामूलक समाजको आधार तयार भएको

- स्थानीय तहबाट गठन हुने समिति उपसमितिहरू, कार्यदल गठन गर्दा आंशिक रूपमा कानुनले निर्दिष्ट गरेको समानुपातिक समावेशीता कायम गरी निर्णय प्रकृयामा सहभागिता भएको

- टोल विकास संस्था परिचालन गरी वाल श्रम, बालविवाह, वहु विवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि नीति वा कार्यक्रम तयार भई यस सम्बन्धी सामाजिक परिचालन कार्यक्रमहरू कार्यान्वयन भएको

- महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी आएको

- बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी ०.५% भन्दा माथि

- कूल पूँजीगत बजेटको ०.५% भन्दा वढी विनियोजन भई विपद् व्यवस्थापनको पूर्व तयारी वा प्रतिकार्य वा पुर्नलाभको लागि विनियोजित बजेटको कम्तीमा ५० प्रतिशत बजेट खर्च भएको

- एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुमा ५०% भन्दा वढी जनसंख्याको पहुँच भएको

- स्थानीय तहले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्न विषयमा जानकारी भई समन्वयका लागि संरचना तयार भई संरचना क्रियाशील भएको

- विकास निर्माण सम्बन्धी कार्यमा सहजीकरण समन्वय समितिबाट प्राप्त पृष्टपोषण , सुझाव तथा अनुगमन प्रतिवेदन माथि कार्यपालिकामा छलफल भई आवश्यक निर्णय भएको

# सुधार गर्नुपर्ने कार्यहरु

- क्षमता विकास योजना तयार नभएको र क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन नभएको
- विषयगत विभाग/महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरणः कुनै पनि संरचनाको कार्यविवरण नै तयार नभएको
- कर्मचारीहरुको कार्य सम्पादन सम्झौता प्रयोगमा नआएको
- जनशक्ति क्षमता विकासमा लगानी कूल चालु खर्चको ०.५% भन्दा कम
- वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा Spatial Based आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना तयार नभएको
- दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार नभएको
- कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा १०% भन्दा कम
- वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा यथावत वा कम
- प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन नभएको
- गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र नगरेको
- राजस्व अनुमान को ७०% भन्दा कम राजश्व सङ्कलन भएको
- स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुने नगरेको
- सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग नभएको
- सेवा प्रवाहको मापदण्ड (SOP) तयार नभएको
- सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी कूल लाभग्राहीको १/३ सम्म
- जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या ७०% भन्दा कम
- मूल्याङ्कन अवधिमा १ पटक मात्र सार्वजनिक सुनुवाइ भएको

- मेलमिलापकर्ताको व्यवस्था नै नरहेको
- कुनै पनि वडामा मेलमिलाप केन्द्र गठन नभएको
- सडक यातायात गुरूयोजना तयार नभएको
- जोखिम संवेदनशील भूउपयोग योजना तयार नभएको
- सार्वजनिक- निजी क्षेत्र साझेदारी सम्बन्धी कुनै नीति तर्जुमा नभएको
- बालमैत्री तथा अपाङ्गमैत्री नीति तथा कार्यक्रम नभएको
- निर्मित पूर्वाधारको मर्मत संभारका लागि कुनै नीतिगत र कार्यक्रमगत व्यवस्था नभएको
- प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावारणीय प्रभाव मूल्याङ्कन (EIA) नगरिएको
- राष्ट्रिय भवनसंहिता पालना नभएको र स्थानीय भवन मापदण्ड तर्जुमा नगरेको
- एक स्थानीय तह एक उद्योग ग्रामको नीति अनुरूप औद्यौगिक ग्रामको स्थापना नभएको
- लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) हुने नगरेको
- विपद् व्यवस्थापनका लागि यस सम्बन्धी योजना, नीतिगत व्यवस्था तथा आपतकालिन कार्यसञ्चालन केन्द्र लगायतका संरचागत व्यवस्था नभएको तर सामान्य राहत वितरणमा सिमित भएको
- स्थानीय वातावरण ऐन, वातावरणमैत्री नीति तथा कार्यक्रम नभएको
- विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन नभएको
- वातावरण संरक्षणका कुनै पनि कार्यक्रममा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागिता नरहेको
- टोल विकास संस्था गठन र सञ्चालन सम्बन्धी कुनै कानून नभएको र कुनै पनि बस्तीमा टोल विकास संस्था गठन नभएको
- अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि) (सहलगानीका योजनाहरू : ल्याण्डफिल साईट, अग्नी नियन्त्रण, सडक हरियाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्षा,

रंगशाला, खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, सिंचाई, खानेपानी आदी) पहिचान नभएको र सो सम्बन्धमा कुनै पहल नभएको

- स्थानीय तहबीच साझा हित र सरोकारका विषयमा आवश्यक पर्ने कुनै पनि संयुक्त समिति गठन नभएको
- लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारीमा आयोजनाको संयुक्त व्यवस्थापन गर्ने सन्दर्भमा कुनै कार्य नभएको

# सुधारका लागि कार्य योजना

आ.व.२०७६/०७७ का लागि यस त्रिवेणी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा बमोजिम सुधार गर्नुपर्ने क्षेत्रहरुमा सम्बन्धित शाखा/क्षेत्रका जिम्मेवार पदाधिकारीले नीतिगत तथा प्रक्रियागत रुपमा अगाडी बढाउने तथा गउँ कार्यपालिका तथा सभाबाट आवश्यक रहेको नीति, ऐन कानून, कार्यविधि आदी निर्माण गर्ने ।

# निष्कर्ष

स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउन राजनीतिक प्रतिवद्धता, उपयुक्त प्रशासनीक संरचना, आवश्यक कानूनहरुको व्यवस्था, उपलब्धता तथा श्रोत साधनको उचित प्रबन्ध गरिनुपर्छ । अनि मात्र स्थानीय तहबाट सुशासन, विकास तथा समृद्धिको लागि आधार तय हुन सक्छ । स्थानीय तहको सुशासन, विकास तथा समृद्धिको लक्ष्य हासिल हुन सक्छ । त्रिवेणी गाउँपालिकाले विकास निर्माण तथा सेवा प्रावहको स्थिति आफैले स्वमूल्याङ्कन गरि कमजोरी पक्ष पहिचान गरि आवधिक रुपमा सुधार गर्न सुधार कार्ययोजना विकास गरेको छ । शासकीय प्रबन्ध, न्यायिक कार्यसम्पादन, स्वास्थ्य, शिक्षा, सामाजिक समावेशिकरण तथा पूर्वाधारको क्षेत्रमा उल्लेखनीय सुधार भएपनि आवधिक योजना, वार्षिक खरिद योजना, सडक यातायात पूर्वाधारको गुरुयोजना, कर्मचारी कार्यविवरण तथा O&M कानूनी प्रबन्ध तथा दिगो लक्ष्यको स्थायीकरण गर्न थप पहल गर्नुपर्ने हुन्छ ।

# गाउँपालिकाको स्वमूल्याङ्कन कार्य समिति

त्रिवेणी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि प्रारम्भिक नतिजा तयारी तथा प्रमाणिकरणका कागजात संकलन गर्नका क्रियाकलापहरु संचालन गर्न देहाय बमोजिमको कार्य समितिको गठन गरिएको छ ।

| क्र. सं. | पद | नामथर | फोन नं. |
|---|---|---|---|
| १ | संयोजक, प्रमुख प्रशासकीय अधिकृत (रा.प.तृतीय) | श्री निम बहादुर के.सी. | ९८५७८२४५८५ |
| २ | सदस्य, प्रशासन अधिकृत (छैठौं) | श्री हेमराज उपाध्याय | ९८५७८२४९२९ |
| ३ | सदस्य, लेखा अधिकृत (छैठौं) | श्री सुदिप सिग्देल | ९८५७८२४९२६ |
| ४ | सदस्य, खरिद इकाई प्रमुख (अधिकृत छैठौं) | श्री भुप बहादुर के.सी. | ९८६८६३०८४१ |
| ५ | सदस्य, स्वास्थ्य संयोजक (अधिकृत छैठौं) | श्री पूर्ण बहादुर बुढा | ९८५७८२४१४२ |
| ६ | सदस्य, इन्जिनियर (अधिकृत छैठौं) | श्री गंगालाल यादव | ९८६९१७११७२ |
| ७ | सदस्य, शिक्षा अधिकृत (छैठौं) | श्री अमृता बुढाथोकी | ९८४३३६३५१७ |
| ८ | सदस्य, योजना अधिकृत (छैठौं) | श्री सानुबाबु खड्का | ९८४१६४९४५६ |
| ९ | सदस्य, प्रशासन सहायक (पाँचौ) | श्री प्रेम प्रकास पुन मगर | ९८४४९३३००२ |
| १० | सदस्य, कृषि ना.प्रा.स. (चौंथो) | श्री थमन बहादुर बुढा | ९८६८६६०३८० |
| ११ | सदस्य, राजश्व इकाई प्रमुख (सहायक पाँचौ) | श्री चन्द्र बहादुर ओली | ९८४७९९९५९४ |
| १२ | सदस्य, प्रशासन सहायक (चौंथो) | श्री रेशमराज भण्डारी | ९८५७८२५६२४ |
| १३ | सदस्य, स.म.वि.नी. (सहायक चौंथो) | श्री हिरा बुढा | ९८६९९९०६८० |

| | | | |
|---|---|---|---|
| १४ | सदस्य, ना.प.स्वा.प्रा. (सहायक चौथो) | श्री मन्जु डाँगी वली | ९८५७८२४१३७ |
| १५ | सदस्य (सम्पर्क व्यक्ति), सूचना प्रविधि अधिकृत (छैठौं) | श्री भरत डि.सी. | ९८५७८२४५१४ |

# गाउँपालिकाको सम्पर्क विवरण

**कार्यालय प्रमुख**

श्री निम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
कार्यालय प्रमुख
+९७७ ९८५७८२४५८५
cao.trmrolpa@gmail.com

**सम्पर्क व्यक्ति**

श्री भरत डि.सी.
सूचना प्रविधि अधिकृत
LISA सम्पर्क व्यक्ति
+९७७ ९८५७८२४५१४
ito.trmrolpa@gmail.com

**कार्यालय सम्पर्क**

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ९८५७८२४५८५
वेबसाइटः www.trivenimunrolpa.gov.np
इमेलः trmrolpa@gmail.com, info@trivenimunrolpa.gov.np
जियो लोकेशनः 28.310799, 82.430681